रू.जि.प्र.शा.का. द.नं. ५६, ०५७/०५८
रू.जि.हु.द.नं. २३, ०६५/०६६

राष्ट्रिय दैनिक मेचीकाली
Mechikali Sandesh National Daily

एमआरपी अनिवार्य गरिएकोमा विरोध

भैरहवा, जेठ १ (मेसस) । स्वदेशमा उत्पादित तथा नेपालमा आयात हुने उत्पादनहरुमा अनिवार्य रुपमा एमआरपीसहितको लेवल लगाउनुपर्ने सरकारको निणर्यलाई सिद्धार्थ उद्योग वाणिज्य संघ लगायतले विरोध जनाएका छन् । वीरगञ्ज उद्योग वाणिज्य संघ, मोरङ्ग उद्योग व्यापार संघ, नेपाल उद्योग वाणिज्य संघ काठमाडौं र सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीले संयुक्त प्रेस विज्ञप्ति जारी गरी विरोध जनाएका हुन् । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट जारी नेपाल राजपत्रको मिति २०८१ चैत १४ को सूचनाअनुसार चैत २० देखि एमआरपीसहितको लेवल अनिवार्य गरे हो ।

बिहीबार सिद्धार्थ उद्योग वाणिज्य सञ्जंघ रुपन्देहीले पत्रकार सम्मेलन गरी सरकारले ७ दिनको समय सिमा तोकेर अनिवार्य एमआरपीसहितको लेवल लगाउन राजपत्रमा प्रकाशित गरेको सूचना गलत भएको जनाएको छ । कोभिड १९ र विश्वव्यापी मन्दी लगायत बैंक व्याज, विद्युत् महसुललगायतका कारण संकट परेका उद्योगहरुलाई छोटो समय दिएर गरिएको सूचना समय सापेक्ष नभएको सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले जानकारी दिए ।

चारवटा उद्योग वाणिज्य संघले जारी गरेको संयुक्त प्रेस विज्ञप्ति वाचन गर्दै अध्यक्ष आचार्यले निजी क्षेत्र एमआरपीसहितको लेवलको पक्षमा भएको तर सरकारले हचुवाको भरमा लागू गर्न खोज्नु गलत भएको बताए । यहाँको भौगोलिक विविधता तथा विकटताको कारण एमआरपी. पनि स्थानअनुसार फरक-फरक राख्नपर्ने नीति हुनुपर्ने नेपाल उद्योग वाणिज्य संघ लुम्बनी प्रदेशका अध्यक्ष कृष्णप्रसाद शर्माले जानकारी दिए ।

नेपाल उद्योग वाणिज्य महासंघका उद्योग समिति सभापति राजेश अग्रवालले सरकार सधैं निजी क्षेत्रलाई धरासायी बनाउनेतर्फ अग्रसर भएको भन्दै निजी क्षेत्र संगको छलफल विना लागु गरेको एमआरपीसहितको लेवललाई कार्यान्वयन गर्न जटिल ता आएको पत्रकार सम्मेलनमा बताए । उद्योगवाट उत्पादन भएर बजारमा पुगे सकेको सामानलाई सात दिनभित्र एमआरपी लगाउन कठिन हुने भएकाले सरकारले प्रकाशित गरेको सूचना निजी क्षेत्रसँग छलफल गरेर लागू गर्नुपर्ने सिद्धार्थ उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष ठाकुरकुमार श्रेष्ठले बताए ।

पत्रकार सम्मेलनमा नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका उपाध्यक्ष कुलप्रसाद न्यौपाने, संघका पूर्वअध्यक्ष तथा सल्लाहकार विष्णुप्रसाद शर्मा, संघका उपाध्यक्ष हरि थापा र महासचिव कृष्णप्रसाद घिमिरेले एमआरपीसहितको लेवल सवैको पक्षमा हुनुपर्ने बताएका थिए ।

फोरम फर हेल्थ साइन्स लुम्बिनीद्वारा परीक्षा प्रणाली विषय गोष्ठी

बुटवल, जेठ १ (मेसस) । नेपाल सरकारले प्राविधिक विषयतर्फतको प्रवेश परीक्षा प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् (सिटीइभीटी) ले नलिई स्वयम् शिक्षालय आफैंले सूचना प्रकाशन गरी लिने नयाँ व्यवस्था गरेपछि फोरम फर हेल्थ साइन्स लुम्बिनी प्रदेश समितिको आयोजानमा बुटवलमा पाठ्यक्रम तथा परीक्षा प्रणाली विषयमा गोष्ठी आयोजना गरेको छ ।

फोरम फर हेल्थ साइन्स लुम्बिनी प्रदेशका अध्यक्ष चेतन भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् लुम्बिनी प्रदेशका अध्यक्ष यादव सुवेदीको प्रमुख आतिथ्यता रहेको थियो । प्रदेश सचिव विनोद घिमिरेको सञ्चालन तथा कोषाध्यक्ष मिना पन्थीको स्वागत मन्तव्य रहेको कार्यक्रममा फोरम फर हेल्थ साइन्सका केन्द्रीय सदस्य डिपी खनाल, केन्द्रीय सल्लाहकार चिरन्जीवी जोशी, पूर्व केन्द्रीय सदस्य कमल भण्डारी, पूर्व केन्द्रीय अध्यक्ष गोविन्द खनाल, पूर्व केन्द्रीय सचिव गणेश ज्ञवाली, पूर्व अध्यक्ष प्रकाश रानालगायतले आ-आफ्नो भनाइ राखेका थिए । गोष्ठीमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् लुम्बिनी प्रदेश कार्यालयका वरिष्ठ अधिकृत राजु भुषाल, परीक्षा शाखा अधिकृत रोजिता शाक्यले प्रशिक्षण प्रदान गरेका थिए । लुम्बिनी प्रदेशका १२ जिल्लाका १ सय ७५ वटा निजी, आंगीक र टेक्स (साझेदारी) विद्यालयका प्रधानाध्यापक, प्रमुख तथा परीक्षा शाखा प्रमुखहरुको गोष्ठीमा सहभागीता रहेको छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) ले 'एसईई'मा प्राप्त गरेको 'जिपिए' अङ्कका आधारमा विद्यार्थी भर्ना गर्ने गर्ने यस वर्षबाट सुरुवात गरेको छ ।

विगतमा प्रवेश परीक्षा लिएर सोही आधारमा विद्यार्थी भर्ना गरेकामा अबदेखि प्राप्त 'जिपिए' का आधारमा भर्ना गर्न लागेको हो । कार्यक्रममा बोल्दै सिटीइभीटी लुम्बिनी प्रदेश प्रमुख यादव सुवेदीले सिटिइभिटीले प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनोट, छात्रवृत्ति वितरण तथा भर्नासम्बन्धी निर्देशिका-२०८२ तयार गरी कार्यान्वयनमा ल्याएको जानकारी दिए । अव सम्बन्धीत संस्थाले नै भर्नाको लागि भर्ना छनौट परीक्षा लिने भएको कारण अन्यभन्दा सहज हुने फोरम फर हेल्थ साइन्स केन्द्रीय सदस्य डिपी खनालले जानकारी दिए ।

गाउँमै फाइबर झोला उत्पादन

गुल्मी, जेठ १ (मेसस) । मुसिकोट नगरपालिकामा फाइबर झोला बनाउन सुरु गरिएको छ । प्लाष्टिक विस्थापनसहित ग्रामीण स्तरमा रोजगारी सृजना उद्देश्यले मुसिकोट नगरपालिकाले साझेदारीमा फाइबर झोला निर्माण थालेको हो । ०७३ सालमा आगलागीले ध्वस्त मुसिकोट नगरपालिका-४ दजाकोटमा फाइबर झोला उत्पादन सुरु भएको छ । मुसिकोट नगरपालिकाको ८० प्रतिशत र मुसिकोट लघुउद्यम समूह दजाकोटको साझेदारीमा फाइबर झोला निर्माण गर्न लागिएको मुसिकोट लघुउद्यम समुह दजाकोटका उपाध्यक्ष सोम दर्लामीले जानकारी दिए । मुसिकोट नगरपालिकामा सञ्चालित गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रममार्फत तालिम र उपकरण प्रदान गरेर फाइबर झोला उत्पादन सुरु गरिएको छ । अहिले स्थानीय लालीगुराँस युवा क्लवको भवनमा मेसिन राखेर झोला उत्पादन भइरहेको छ । फाइबर झोला उत्पादनलाई नगरभित्र सबैको अपनत्व गराउन ५० जना शेयर सदस्य छन् । प्रत्येकले दुई हजार रुपियाँ उठाएर व्यावस्थापकीय काम भएकाले आगामी दिनमा अझै धेरै आयमूलक कामका लागि सामाजिक सुरक्षा भत्ता लिनेदेखि जनप्रतिनिधि शेयरमा आवद्ध भएको दर्मामीले बताए । उनले नगरपालिकाले कच्चा पदार्थ र प्रिण्ट मेसिनमा सहजीकरण गर्न'पर्ने बताए ।

गाडीका ...

'शुभलक्ष्मी अटो लिंक प्रालि (स्था.ले.नं ३०५६६७५७७) का प्रोप्राइटर जिल्ला रुपन्देही, तिलोत्तमा नगरपालिका, वडा नं ४, शुभलक्ष्मी पथमा बस्ने वर्ष ४८ का जगनन्नाथ खनाल र जिल्ला रुपन्देही, तिलोत्तमा नगरपालिका, वडा नं ४, नयाँमिलमा बस्ने वर्ष ५४ का दधिराम खरेलले सञ्चालन गरेको वर्कशप र गोदामको खानतलासी तथा मालवस्तुको भौतिक निरीक्षण गरी बिल बिजक, खरिद खाता, विक्री खातालगायत अन्य आवश्यक कागजातहरु तथा मालवस्तुको भौतिक गणना गरी विश्लेषण गर्दा उक्त फर्मको मौज्दात किताबमा प्रविष्टि गरेबमोजिमको परिमाण भन्दा भौतिक निरीक्षणबाट प्राप्त परिमाण बढी देखिएको तथा केही मालवस्तुको परिमाण मौजदात किताबभन्दा कम देखिएको जस्ता विभिन्न पक्ष समेतलाई हेर्दा निज प्रतिवादीहरुले प्रस्तुत फर्मका नाममा मालवस्तु खरिद गरी मौज्दात किताबमा प्रविष्टि नगर्न', बिजक नै जारी नगरी मालवस्तु बिक्री गर्न', बिक्री भएको मालवस्तुको अभिलेख बिक्री खातामा प्रविष्टि नगर्न', पेश गरेको मौज्दात विवरणभन्दा अधिक मालवस्तु गोदामबाट फेला पर्न', बढी फेला परेको मालवस्तुको खरिद तथा भन्सार पैठारी गरेको कुनै निस्सा प्रमाण निजसँग नहुनु तथा कारोबार छल्ने उद्देश्यले न्यून बिक्री देखाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ (संशोधनसहित) को दफा ४ (छ) र (झ) बमोजिमको कसूर गरेको पुष्टि भएकोले निज प्रतिवादीहरुलाई ऐ. ऐनको दफा २ (छ १) बमोजिम चुहावट भएको भन्सार महशुल, मुअ कर र आयकर सहितको बिगो रु ७२ लाख ११ हजार तीनसय रुपैयाँ मात्र कायम गरी ऐ/ऐ/ ऐनको दफा २३ (१) बमोजिम बिगो असुल उपर गरी बिगोको शत प्रतिशत रु.७२ लाख एघार हजार तीनसय रुपैयाँ मात्र जरिवाना गरी जम्मा रु.एक करोड चौवालीस लाख बाईस हजार छ सय मात्र असुल उपर गर्न तथा ऐ / ऐ/ ऐनको दफा २३ को उपदफा (१) (ख) बमोजिम हदैसम्मको कैद सजायको मागदाबी लिई सोही ऐनको दफा २० (६) बमोजिम बिहीबार सम्मानित उच्च अदालत तुलसीपुर, बुटवल इजलासमा मुद्दा दायर गरिएको छ ।' विज्ञप्तिमा उल्लेख छ ।

खरेल नेपालका कहलिएका बस व्यवसायी हुन् । उनलाई राजनीतिक पहुँच र रवाफ भएका कहलिएका उद्यमीका रुपमा लिइन्छ । उनी पश्चिम नेपाल बस व्यवसायी प्रालिका सञ्चालक हुन् । यो प्रालि साविकको पश्चिम नेपाल बस व्यवसायी समिति थियो । खरेलका बसहरु नेपालका अधिकांश रुटका साथै नेपाल-भारत मैत्री बसका रुपमा भारतका पनि विभिन्न ठाउँमा आउजाउ गर्ने गर्छन् ।

महालेखा...

प्रदेश सरकारहरूको २०८०/८१ को कुल १ खर्ब ८४ अर्ब ११ करोड २ लाख ५९ हजार रहेकोमा प्रदेश सरकारको आन्तरिक स्रोतबाट १ खर्ब ९ अर्ब ७२ करोड ९९ लाख ८६ हजार खर्च गरेका छन ।

बेरुजु देखिन भ्रष्टाचार र अनियमितता नैं नभए पनि बढी बेरूजु देखिनु सुशासनका दृष्टिले विसंगति र बेथिति मानिने अर्थविद् मनिकर कार्की बताउँछन् ।

योजना कार्यान्वयन, राजश्व प्रशासन, सार्वजनिक सम्पत्ति व्यवस्थापन, संस्थान सञ्चालन तथा व्यवस्थापन, लेखाङ्कन प्रतिवेदन तथा आन्तरिक नियन्त्रण, लेखापरीक्षण तथा नियमन, वित्तीय संघीयता कार्यान्वयन र सार्वजनिक सेवा प्रवाहमा जिम्मेवार व्यक्ति तथा संस्थाले जवाफदेहिता बोध नगर्ने र आर्थिक अनुशासनमा नरही लापरबाही तरिकाले बजेट खर्च तथा रकम परिचालन गर्दा बेरुजु बढेको उनको भनाइ छ । यसले जनप्रतिनिधिमा जनप्रतिनिधिमा आफ्नो तजविजले राज्यको रकम खर्च गर्ने परिपाटी मौलाएको देखिन्छ ।

ट्वाइलेट सफा गराउनुहोस्
के तपाइको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, विजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङको बेला पनि सेवा दिइनेछ ।
तिनाउ सेनेटरी
ट्याक्सी रिजर्वको लागि पनि सम्पर्क गर्नुहोला ।
बुटवल, १०, सुख्खानगर, रुपन्देही
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सुपथ मूल्यमा नगरपालिकाभित्र वा बाहिर काम गर्न र गराउन हामीलाई एकपटक सेवा गर्ने मौका दिनुहोस्
पाल्पाली मगर सेनेटरी
बुटवल, १७, मोतीपुर, रुपन्देही
फोन: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

ट्वाइलेट सफा गराउनुहोस्
ट्वाइलेट सफा गराउनु परेमा, सेफ्टी ट्यांकी रिङ्ग भरिएर सिट नाला जाम भएर समस्यामा परेको छ ? हामी तपाईको समस्या तुरुन्त पाच मिनेटमा हल गरिदिने छौं।
जिना सेनेटरी
बुटवल, १०, रामनगर, रुपन्देही, फोन: ९७४२३३२९३८, ९८१७४१६९४२, ९७६३६५३२६०

ट्वाइलेट सफा गराउनु परेमा
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
गगन सेनेटरी
बुटवल, ८, सुख्खानगर, रुपन्देही
फोन: ९८६७०२१६१४, ९८१५४४७६४८
९८०४४१३२८७, ९८१६४६४१७२

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना २ गते शुक्रबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालय बाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१) शाखा कार्यालय : बुटवल शाखा

ऋणीको विवरण
जय बल्लव अर्यालको नाति पुर्णचन्द्र अर्यालको छोरा पाल्पा जिल्ला मस्याम गा.वि.स. वडा नं. ७ हाल, कांठमाडौ जिल्ला कांठमाडौ म.न.पा. वडा नं. १६ बस्ने **हेमनाथ अर्याल** (ना.प्र.नं. : ३९-०१-७२-०९१८३, जारी मिति र जिल्ला : २०७२/१०/११,पाल्पा)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) पुर्ण चन्द्र अर्यालको छोरा बुहारी हेमनाथ अर्यालको पत्नी पाल्पा जिल्ला पेलाकोट गा.वि.स. वडा नं. ८ हाल, कांठमाडौ जिल्ला कांठमाडौ म.न.पा. वडा नं. १६ बस्ने **भुमा देवी भण्डारी** (ना.प्र.नं. : ४२३०४४/२७०, जारी मिति र जिल्ला : २०६३/१०/१७,स्याङ्जा)
२) भिम बहादुर थापाको नाति धन बहादुर थापाको छोरा रुपन्देही जिल्ला बुटवल गा.वि.स. वडा नं. ३ हाल, कांठमाडौ जिल्ला कांठमाडौ म.न.पा. वडा नं. १६ बस्ने **लक्ष्मण थापा** (ना.प्र.नं. : ३७२०२४-७२७१८, रुपन्देही)

२) शाखा कार्यालय : बुटवल शाखा

ऋणीको विवरण
सोम प्रसाद श्रेष्ठको छोरी बुद्धराज बज्राचार्यको बुहारी बबिराज बज्राचार्यको पत्नी नवलपरासी जिल्ला प्रगतीनगर न.पा. ४ हाल, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. १० बस्ने **हेम कली श्रेष्ठ** (ना.प्र.नं. : ७/१९७३, जारी मिति र जिल्ला : २०४४/११/३०, नवलपरासी)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) टेक नारायण बज्राचार्यको नाति बुद्धराज बज्राचार्यको छोरा रुपन्देही जिल्ला बुटवल वडा नं. १० हाल, बुटवल उ.म.न.पा. वडा नं. १० बस्ने **बबिराज बज्राचार्य** (ना.प्र.नं. : २४२७६ जारी मिति र जिल्ला : २०४९/०६/१२, रुपन्देही)
२) मथुरा श्रेष्ठको नाति अवतार श्रेष्ठको छोरा रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १० हाल, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १० बस्ने **राकेश श्रेष्ठ** (ना.प्र.नं. : ३७३०२४/९४३, जारी मिति र जिल्ला : २०६३/१०/२८, रुपन्देही)

३) शाखा कार्यालय : बुटवल शाखा

ऋणीको विवरण
नवराज अधिकारीको छोरी अवतार श्रेष्ठको बुहारी राकेश श्रेष्ठको पत्नी कैलाली जिल्ला धनगढी उ.म.न.पा. वडा नं. १९ हाल, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ११ बस्ने **अञ्जु अधिकारी** (ना.प्र.नं. : ६७१०२१/५४१२ जारी मिति र जिल्ला : २०६५/०७/०४, कैलाली)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) मथुरा श्रेष्ठको नाति अवतार श्रेष्ठको छोरा रुपन्देही जिल्ला बुटवल वडा नं.१० हाल, बुटवल उ.म.न.पा. वडा नं. ११ बस्ने **राकेश श्रेष्ठ** (ना.प्र.नं. : ३७३०२४/९४३ जारी मिति र जिल्ला : २०६३/१०/२८,रुपन्देही)
२) रुद्र बहादुर थापाको बुहारी मदन बहादुर थापाको पत्नी रुपन्देही जिल्ला सैनामैना न.पा. वडा नं. ४ हाल, बुटवल उ.म.न.पा. वडा नं. ११ बस्ने **सुनिता कार्की** (ना.प्र.नं. : १४२, जारी मिति र जिल्ला : २०६२/१०/२०,रुपन्देही)

४) शाखा कार्यालय : भैरहवा शाखा

ऋणीको विवरण
कम्मल खवासको छोरी भगौती खवासको बुहारी मिन बहादुर खवासको पत्नी रुपन्देही जिल्ला धकधई वडा नं. ७ हाल, रोहिणी गा.पा. वडा नं. ३ बस्ने **उषादेवी खवास** (ना.प्र.नं. : ३७१००९/६३८४ जारी मिति र जिल्ला : २०६४/०१/१६, रुपन्देही)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
दुलारे खवासका नाति भगौती खवासको छोरा रुपन्देही जिल्ला धकधई वडा नं. ७ हाल, रोहिणी गा.पा. वडा नं. ३ बस्ने **मीन बहादुर खवास** (ना.प्र.नं. : १७२३८ जारी मिति र जिल्ला : २०५३/०१/३१, रुपन्देही)

५) शाखा कार्यालय : भैरहवा शाखा

ऋणीको विवरण
भैरव गिर सिंहको बुहारी आशिष गिर सिंहको पत्नी रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं. ६ बस्ने **सुमन गिर सिंह** (ना.प्र.नं. : ३७१०२३/१०३५८ जारी मिति र जिल्ला : २०६७/०५/३१, रुपन्देही)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
१) शम्भु गिर सिंहको नाति भैरव गिर सिंहको छोरा रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं. ६ बस्ने **मनिष गिरी सिंह** (ना.प्र.नं. : ३७-०१-७१-०२४०७ जारी मिति र जिल्ला : २०७१/०३/०८, रुपन्देही)
२) शम्भु गिर सिंहको नातिनी राजेन्द्र गिर सिंहको छोरी रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं. ६ बस्ने **माला गिरी** (ना.प्र.नं. : ३७-०१-७५-१४५६० जारी मिति र जिल्ला : २०७५/१२/१३, रुपन्देही)
३) जगदेव थारुको नाति नाथु थारुको छोरा रुपन्देही जिल्ला हाटी बनगाई वडा नं. ५ हाल, सिद्धार्थनगर न.पा. वडा नं. ६ बस्ने **खेम बहादुर चौधरी** (ना.प्र.नं. : ३७१०७१/५/८८०४ जारी मिति र जिल्ला : २०६५/०३/२४, रुपन्देही)

६) शाखा कार्यालय : भैरहवा शाखा

ऋणीको विवरण
देव बहादुरगुरुङगको छोरी संस बहादुर थापाको बुहारी ओम प्रसाद थापाको पत्नी रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं. ३ बस्ने **सरस्वती थापा** (ना.प्र.नं. : ३७१०२३/४७८९१ जारी मिति र जिल्ला : २०६९/०२/१८, रुपन्देही)
व्यक्तिगत धनजमानीकर्ताको विवरण
सान बहादुर थापाको नाति संस बहादुर थापाको छोरा रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं. ३ बस्ने **ओम प्रसाद थापा** (ना.प्र.नं. : ३४८३ जारी मिति र जिल्ला : २०५२/०४/०९, रुपन्देही)

७) शाखा कार्यालय : भैरहवा शाखा

ऋणीको विवरण
जोग लाल श्रेष्ठको छोरी नारान प्रसाद श्रेष्ठको बुहारी निर्मल प्रसाद श्रेष्ठको पत्नी रुपन्देही जिल्ला सि.न.पा. वडा नं. ८ हाल, सिद्धार्थनगर न.पा. वडा नं. ३ बस्ने **लिजा कक्षपति (श्रेष्ठ)** (ना.प्र.नं. : १९८६९ जारी मिति र जिल्ला : २०५०/०९/१९, रुपन्देही)
व्यक्तिगत धनजमानीकर्ताको विवरण
चिन्तामणी श्रेष्ठको छोरी काजीमान श्रेष्ठको बुहारी जोगलाल श्रेष्ठको पत्नी गुल्मी जिल्ला रेसुङ्गा न.पा. वडा नं. ९ हाल, रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ८ बस्ने **भुना श्रेष्ठ** (ना.प्र.नं. : ७० जारी मिति र जिल्ला : २०२९/०९/०३, रुपन्देही)

८) शाखा कार्यालय : भैरहवा शाखा

ऋणीको विवरण
जोगलाल श्रेष्ठको छोरी राम बहादुर देवकोटाको बुहारी सुदीप देवकोटाको पत्नी गोरखा जिल्ला पालुङटार गा.वि.स.वडा नं. ७ हाल, रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ८ बस्ने **शुसन देवकोटा (कक्षपति श्रेष्ठ)** (ना.प्र.नं. : १९८७० जारी मिति र जिल्ला : २०५८/०९/१९, रुपन्देही)
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण
पित बहादुर क्षेत्रीको नाति राम बहादुर देवकोटाको छोरा गोरखा जिल्ला पालुङटार वडा नं. ७ हाल, रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ८ बस्ने **सुदीप देवकोटा** (ना.प्र.नं. :९०००३ जारी मिति र जिल्ला : २०५१/२/२१, गोरखा)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

मेचीकाली सन्देश प्रकाशन प्रा.लि. बुटवलद्वारा प्रकाशित मेचीकाली सन्देश राष्ट्रिय दैनिकका लागि: अध्यक्ष- **होमराज बस्याल**, प्रधान सम्पादक- **बसन्तराज खनाल**, कार्यकारी प्रमुख- **विष्णु गैरे**
प्रधान कार्यालय: **बुटवल-५, मिलनचोक, रुपन्देही, फोन: ०७१-५३६००५, ५३१५२१ (प्रशासन/विज्ञापन), ५५४०८८ (सम्पादन)**, Email:mechikalidaily@gmail.com (News), mechikaliadd@gmail.com (Advt.) Website: www.mechikalinews.com,**मुख्य शाखा कार्यालय: भैरहवा फोन: ०७१-५७६१३६**